# संयुक्त विद्यार्थी संगठनहरुद्धारा घोषित संघर्षका कार्यक्रमहरु

**विषय प्रवेश**

नेपालमा विद्यार्थी आन्दोलनको इतिहास राजनीतिक परिवर्तन, लोकतान्त्रिक संघर्ष, सामाजिक-राजनीतिक चेतना निर्माण, राष्ट्रियताको आन्दोलन र जनजीविकाको संघर्षसँग गहिरो रुपमा जोडिएको छ । वि.सं १९९७ सालमा गंगालाल श्रेष्ठले गरेको पर्चा विद्रोहमार्फत विद्यार्थीले गरेको पहिलो विद्रोह र २००४ सालमा भएको जयतु संस्कृतम् आन्दोलन विद्यार्थी आन्दोलनको पहिलो संगठित रूप हो । २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा विद्यार्थीहरूले सक्रिय भूमिका निर्वाह गर्दै निरंकुश शासनको अन्त्यमा महत्वपूर्ण योगदान दिएका थिए । त्यसपछि २०१७ सालमा पञ्चायती व्यवस्था लागु भएपछि राजनीतिक दलहरू प्रतिबन्धित भए । त्यसबखत विद्यार्थी संगठनहरू नै राजनीतिक अभिव्यक्तिको मुख्य माध्यम बनेको इतिहास हाम्रो सामु जगजाहेर छ ।

२०३६ सालको विद्यार्थी आन्दोलनले जनमत संग्रह गराउन बाध्य बनायो । जसले विद्यार्थीहरूमा राजनीतिक चेतना र प्रभावलाई स्पष्ट रूपमा उजागर गर्‍यो । त्यसपछि २०४६ सालको जनआन्दोलनमा विद्यार्थीहरूले अग्रणी भूमिका खेल्दै बहुदलीय प्रजातन्त्र पुनःस्थापना गर्न सहयोग गरे । २०५२ देखि २०६३ सम्म लोकतान्त्रिक गणतन्त्र प्राप्तिको संघर्षमा विद्यार्थीहरू राजनीतिक चेतना फैलाउने, आन्दोलनमा सहभागी हुने र परिवर्तनका पक्षमा उभिने मुख्य शक्ति बने ।

२०६२/६३ सालको जनआन्दोलमा विद्यार्थीहरूको भूमिका झनै निर्णायक बन्यो । जहाँ विद्यार्थीहरुले सडक आन्दोलन, प्रदर्शन र जनचेतना अभिवृद्धिमार्फत राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनामा निर्णायक योगदान दिए । २०६५ सालमा गणतन्त्र घोषणा भएपछि पनि विद्यार्थी आन्दोलनको भूमिका समाप्त भएन, बरु नयाँ स्वरूपमा अगाडि बढ्यो ।

समग्रमा, नेपालमा विद्यार्थी आन्दोलन केवल शैक्षिक आन्दोलनमा सीमित नभई राजनीतिक परिवर्तनको प्रमुख प्रेरक शक्ति रहँदै आएको छ । यसले देशको लोकतान्त्रिक विकास, सामाजिक न्याय, राष्ट्रियता, जनजीविका र नागरिक अधिकारको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याएको छ । यसैको खातिर उल्लिखित सबै आन्दोलनदेखि २०८२ भदौ २३ गतेको नवयुवाहरुको आन्दोलनसम्म आइपुग्दा हजारौं विद्यार्थी सहिदहरुको बलिदानी भएको छ । हजारौं घाइते, अपाङ्ग र बेपत्ता योद्धाहरुको रगत पसिनाले नेपाली विद्यार्थी आन्दोलनलाई सिँचित गरेको छ ।

यसप्रकारको उज्ज्वल पृष्ठभूमि रहेको विद्यार्थी आन्दोलनको इतिहास, मर्म र भावनालाई अवमूल्यन गरि वर्तमान सरकारले शासकीय सुधारको बुँदा नं. ८६ मा विद्यार्थी संगठनहरुमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको छ । सरकारको यसप्रकारको निर्णयले नागरिक तथा विद्यार्थीहरुको मौलिक हक, संगठित हुन पाउने अधिकार, वाक स्वतन्त्रता र वैचारिक आस्था राख्न पाउने अधिकारमाथि प्रहार गरेको छ ।

विगतमा राजतन्त्र एवं पञ्चायती व्यवस्थाले समेत बारम्बार विद्यार्थी आन्दोलनमाथि प्रतिबन्ध लगाउने दुस्साहस नगरेको होइन । त्यसप्रकारका कठोर चुनौतीहरुको सामना गर्दै ती व्यवस्थाहरुलाई परास्त गरेर नै विद्यार्थी आन्दोलन यहाँसम्म आइपुगेको तथ्य वर्तमान सरकारलाई स्मरण गराउन चाहन्छौं । सरकारको विद्यार्थी संगठनहरुमाथि प्रतिबन्ध लगाउने यसप्रकारको असंवैधानिक, अलोकतान्त्रिक र अधिनायकवादी निर्णयलाई हामी संयुक्त विद्यार्थी आन्दोलनको तर्फबाट खारेज गरेको घोषणा गर्दछौं ।

साथै तपसिल बमोजिमका विद्यार्थीका मागहरुलाई यथाशीघ्र सम्बोधनका लागि अघि सार्दै आन्दोलनका कार्यक्रमहरु घोषणा गर्दछौं ।

## हाम्रा मागहरु :

### १. विद्यार्थीमैत्री विद्यार्थी अधिकार (Student Friendly Student Rights)

- सबै खालका शैक्षिक संस्था, विभिन्न नियोग, दूतावास, विद्यालयलगायतका संस्थाहरुबाट प्रदान गरिदैं आएको छात्रवृत्तिलाई एकीकृत गर्दै यसलाई पारदर्शितासहित लक्षित विद्यार्थीको पहुँच स्थापित गर्न केन्द्रीय विद्यार्थी छात्रवृत्ति पोर्टल (Central Student Scholarship Portal) निर्माण गरी १५ दिनभित्र कानुनी मान्यता प्रदान गर्नुपर्ने ।

- स्नातक र स्नातकोत्तर तह अध्ययन गरिरहेका विद्यार्थीहरुलाई स्टार्टअप, शेयर कारोबारलगायतका क्षेत्रमा आयकर (Capital Gain Tax) शतप्रतिशत छुट दिनुपर्ने ।

- स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत प्रत्येक क्याम्पसका विषयगत उत्कृष्ट १० विद्यार्थीहरुलाई प्रत्येक सेमेष्टर वा वर्षमा ग्रान्ट उपलब्ध गराउनुपर्ने । साथै अन्तिम सेमेष्टर वा वर्षमा उत्कृष्ट थेसिस वा रिसर्च गर्ने विद्यार्थीलाई ग्रान्ट वा स्टार्टअप Seed Money प्रदान गरिनुपर्ने ।

- विश्वविद्यालयमार्फत सीप तथा तालिम प्रदान गर्ने संस्थाहरु स्थापना गरी Paid Intership, Earn While Learn लगायतका कार्यक्रम सञ्चालन गर्नुपर्ने । साथै ३० दिनभित्र इन्टर्नसिपको अधिकार (Right To Paid internship) लाई कानुनी मान्यता प्रदान गरिनुपर्ने ।

- विश्वविद्यालयभित्रका उत्कृष्ट विद्यार्थीहरुलाई Teacher Assistant, Research Assistant लगायतका रोजगारीका अवसरहरुमा प्राथमिकता दिनुपर्ने ।

- विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य बिमासम्बन्धी कार्यक्रमलाई व्यवस्थित बनाई नीतिगत रुपमा स्पष्टताका साथ कार्यान्वयनमा लैजानुपर्ने ।

- विद्यालय खाजा कार्यक्रमलाई विनियोजन गर्दै आएको बजेटमा वृद्धि गरी विद्यार्थीलाई पर्याप्त पोषणको व्यवस्था गर्नुपर्ने ।

- विद्यार्थीहरुलाई यातायात, स्वास्थ्य र मनोरञ्जनमा ४५ प्रतिशत छुट दिने कानुनी मान्यता सुनिश्चित गरी विद्युतीय चुलो, एलपि ग्याँस, खाद्यान्न, कोठाभाडा लगायतका विषयमा पनि उचित छुटको प्रबन्ध मिलाउनुपर्ने ।

- नेपाली विद्यार्थीलाई विदेशमा अध्ययन गर्नका लागि नेपाल सरकारले दिने NOC (No Objection Letter) सम्बन्धि व्यवस्थित नीतिको निर्माण गर्नुपर्ने तथा निश्चित मापदण्ड तोकी विद्यार्थीको सुरक्षा तथा शारीरिक र मानसिक स्वास्थ्य सुनिश्चित गर्ने आधिकारिक विश्वविद्यालयलाई मात्र अनुमति दिनुपर्ने ।

- अन्तर विश्वविद्यालय क्रेडिट आवर ट्रान्सफर सम्बन्धी नीतिगत व्यवस्था गर्नुपर्ने ।

- सबै विश्वविद्यालयमा रहेका केन्द्रीय पुस्तकालयहरु कम्तीमा १८ घण्टा र सबै आंगिक तथा सामुदायिक र संस्थागत क्याम्पसमा पुस्तकालयहरु कम्तीमा १२ घण्टा सञ्चालनमा ल्याउनुपर्ने ।

### २. शिक्षा विधेयक तथा नीति : (विद्यालय शिक्षा विधेयक, उच्च शिक्षा विधेयक र राष्ट्रिय शिक्षा नीति)

- संविधानको भाग ३ धारा ३१ मा व्यवस्था भए बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा पूर्ण निःशुल्क पाउने व्यवस्थाको अक्षरशः कार्यान्वयनका लागि विद्यार्थीमैत्री विद्यालय शिक्षा विधेयक

तथा उच्च शिक्षा विधेयकलाई ३० दिनभित्र पारित गरी ६० दिनभित्र शिक्षा क्षेत्रका नीतिगत समस्याहरूको समयसापेक्ष र प्रभावकारी समाधान गर्नुपर्ने ।

- वर्तमान शिक्षा प्रणालीमा विद्यालय शिक्षाको स्वरुप, सबैका लागि समान शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षाको स्वरुप, श्रम, रोजगारमुखी, सीपमूलक तथा उद्यमशील र विश्वविद्यालय शिक्षाको स्वरुप, अनुसन्धानमुखी, नवप्रवर्तन र नीति निर्माणसँग जोड्दै तीनै तहको शिक्षा नीति, लक्ष्य र कार्यक्षेत्र स्पष्ट, दिगो र गुणस्तरीय बनाउनुपर्ने ।

- सामुदायिक तथा सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षा क्षेत्रमा तीनै तहका सरकारले आफ्नो कूल बार्षिक बजेटको न्यूनतम २० प्रतिशत अनिवार्य विनियोजन गर्नुपर्ने ।

- प्रारम्भिक बालविकास तथा बालविकास तहलाई विद्यालय संरचनामा समावेश गर्ने तथा सो तहमा शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्ने ।

- विश्वविद्यालयको प्राज्ञिक तथा प्रशासनिक स्वायत्तताको प्रत्याभूति गर्न विश्वविद्यालयमा मेरिटोक्रेसी लागु गरी विश्वविद्यालय तथा प्रतिष्ठानको कुलपति प्रधानमन्त्री हुने व्यवस्था खारेज गर्नुपर्ने ।

- विश्वविद्यालयलाई विकेन्द्रीकरण गर्दै प्रादेशिक तथा विषयगत विश्वविद्यालय स्थापना गर्न प्राथमिकता दिनुपर्ने । साथै विश्वविद्यालयले क्याम्पस तथा कलेजलाई आंगिक वा सम्बन्धन दिने कानुनसम्बन्धी मापदण्डहरुलाई समयानुकुल परिमार्जन र पुनरावलोकन गर्नुपर्ने ।

- सबै प्रकारका पाठ्यक्रमहरुको निर्माण तथा विकासमा वैज्ञानिक विधिको प्रयोग गर्नुका साथै विज्ञ तथा विद्यार्थी प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्ने ।

- विदेशी विश्वविद्यालयको सम्बन्धन लिएर नेपालमा सञ्चालन हुने शिक्षण संस्थाहरुको सम्बन्धन, पाठ्यक्रम, विद्यार्थी संख्या, पूर्वाधार, छात्रवृत्तिलगायतका विषयमा उचित नियमन तथा निगरानी गर्नुपर्ने । साथै विश्वश्रेणीमा एक हजारभित्र पर्ने शिक्षण संस्थाहरुलाई मात्रै अनुमति दिनुपर्ने ।

- School Off Friday, Digital Literacy, Teachers Academy, Financial Literacy, नैतिक शिक्षालगायतका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।

- राज्यबाट सेवा सुविधा लिने सबै तह र तप्काका व्यक्तिका सन्तान अनिवार्य सामुदायिक विद्यालयमा पढाउनुपर्ने ।

- Knowledge Academy कार्यक्रमको अवधारणा विकास गरी उपयुक्त नीति निर्माण गर्दै सार्वजनिक पुस्तकालय, सूचना प्रविधि जस्ता क्षेत्रहरुमा लगानी वृद्धि गर्नुपर्ने ।

**३.विश्वविद्यालय सुधार**

- विश्वविद्यालयका लागि समर्पित सर्भर तथा डेटाकेन्द्र स्थापना, साइबर सुरक्षा नीति निर्माण तथा विश्वविद्यालयमा प्रविधि एकीकरणको नियमन र अनुगमन गर्नुपर्ने ।

- त्रिभुवन विश्वविद्यालयले गठन गरेको त्रिताल आयोगको प्रतिवेदन तत्काल कार्यान्वयनमा लैजानुपर्ने ।

- विश्वविद्यालय तथा क्याम्पस परिसरलाई वातावरणमैत्री बनाउनुपर्ने ।

- सबै विश्वविद्यालयहरुको परीक्षाफल  प्रकाशन र मौका परीक्षा तीन महिनाभित्र सञ्चालन गर्नुपर्ने ।

- सबै विश्वविद्यालय, क्याम्पस एवं विद्यालयहरुको पुराना र जीर्ण भौतिक संरचनाहरुको यथासिघ्र पुनःनिर्माण गर्नुपर्ने ।

**४.सामाजिक तथा सांस्कृतिक अधिकार**

- सबै शैक्षिक संस्थाहरुमा पाठ्यक्रम र पाठ्यसामग्रीको भाषामा समानता र एकरुपता कायम गरी नेपालका विभिन्न मातृभाषाहरुमाथि भइरहेको भाषिक अतिक्रमण बन्द गर्दै सबै शिक्षण संस्थाहरुमा विद्यार्थीको पठनपाठनको माध्यम भाषाः मातृभाषा, नेपाली भाषा र कम्तिमा एक अन्तर्राष्ट्रिय भाषामा गर्ने गरी एकरुपता कायम गर्नुपर्ने ।

- सबै राष्ट्र भाषा, संस्कृतिहरुको प्रवर्द्धनका लागि विदेशी नागरिकलाई लक्षित गरी दूर शिक्षामार्फत कक्षा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने ।

- विभिन्न उत्पीडित जातजाति, क्षेत्र, लिङ्ग र समुदायका विद्यार्थीहरुलाई शिक्षामा पहुँच बढाउनका लागि थप नीतिगत व्यवस्था गर्नुपर्ने ।

**५.राष्ट्रियतासम्बन्धी**

- नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा अतिक्रमण गर्दै भारतले एकपक्षीय रुपमा सडक निर्माण गरी भारत र चीनबिच अन्तरदेशीय व्यापार संचालन हुँदा पनि सरकारको मौनता अस्वभाविक छ । उक्त विषयमा यथाशीघ्र ठोस कुटनीतिक पहलकदमी लिन तथा राष्ट्रियतासम्बन्धी सरकारको औपचारिक धारणा सार्वजनिक गर्न माग गर्नुपर्ने । साथै अतिक्रमित भूभागमा नेपाल सरकारको उपस्थिति जनाउनुपर्ने ।

- सरकारले असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तलाई अक्षरशः कार्यान्वयन गर्नुपर्ने ।

**६. जनजीविकासम्बन्धी**

- पश्चिम एसियामा जारी युद्धका कारण पेट्रोलियम पदार्थमा भएको अत्यधिक मूल्यवृद्धिले नेपाली जनता दैनिक उपभोग्य वस्तु, यातायातजस्ता क्षेत्रमा महंगीको मारमा परेको हुँदा, तत्काल महंगी नियन्त्रण गरी जनतालाई राहतको प्याकेज घोषणा गर्नुपर्ने ।

- सरकार गम्भीर नहुँदा समाजमा हत्याहिंसा, बलात्कार, अराजकता, दण्डहीनता, साइबर बुलिंग तथा लिन्चिङ बढ्दो क्रममा छ । यस विषयमा तत्काल ठोस कदम चाली अपराधीहरुलाई कडा कारबाही गरी जनताको शान्तिसुरक्षा सुनिश्चित गर्नुपर्ने ।

**७. सुशासनसम्बन्धी**

- २०४६ सालपछिका सबै उच्च पदस्थहरुको सम्पत्ति छानबिन गरी भ्रष्टाचारबाट आर्जित सम्पत्ति राज्यको स्वामित्वमा ल्याउनुपर्ने ।

- भदौ २३ र २४ गते्को घटनामा छानबिनका लागि स्वतन्त्र र निष्पक्ष उच्च स्तरीय छानबिन आयोग गठन गरी उक्त आयोगको प्रतिवेदनका आधारमा दोषिहरुमाथि कडा कारबाही गर्नुपर्ने ।

## संघर्षका पहिलो चरणको कार्यक्रमहरु

१. २०८२ चैत्र २७ गते पत्रकार सम्मेलन गर्ने ।

२. २०८२ चैत्र २९ गते नागरिक अगुवालगायतसँग अन्तरक्रिया गर्ने ।

३. २०८२ चैत्र ३० गतेदेखि २०८३ वैशाख ४ गतेसम्म ७७ जिल्लाका कलेजहरुमा स्ववियु, इकाई तथा जिल्लाहरुको आयोजनामा छलफल तथा अन्तरक्रिया गर्ने ।

४. २०८३ वैशाख ५ गते पूर्व विद्यार्थी नेता तथा सांसदहरुसँग अन्तरक्रिया गर्ने ।

५. २०८३ वैशाख ७ गतेदेखि ९ गतेसम्म प्रचारप्रसार (कलेजमा ब्यानर राख्ने, पर्चा बाँड्ने, विभिन्न प्रतियोगिताहरु- वक्तृत्व, वादविवाद, गित, गजल, दोहोरी, पप ब्याटल, नृत्य, सडक नाटक, फ्ल्यास मोभ आयोजना गर्ने, भित्ते चित्रहरु प्रदर्शन गर्ने, प्रत्येक कलेजमा हस्ताक्षर संकलन) ।

६. २०८३ वैशाख ११ गते हरेक विश्वविद्यालयको उपकुलपतिलाई ज्ञापनपत्र दिने ।

७. २०८३ वैशाख १२ गते प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिने ।

८. २०८३ वैशाख १५ गते काठमाडौं उपत्यकामा बालुवाटारसहित देशभर कापी कलमसहितको प्रदर्शन गर्ने ।